# मिति २०८० मंसिर २२ गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका वैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं. २ : आ.व. २०७९/०८० को म.ले.प.प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं. ३ : आ.व. २०८०/०८१ को प्रथम चौमासिक प्रगति सम्बन्धमा ।
प्रस्ताव नं. ४ : नगर अस्पताल, एम्बुलेन्स संचालन कार्यविधि सम्बन्धमा ।
प्रस्ताव नं. ५ : नेपाल भारत विकास साझेदारी कार्यक्रम अन्तर्गत योजना माग सम्बन्धमा ।
प्रस्ताव नं. ५ : २५/७५ श्रम साझेदारी योजना छनौट गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ६ : कोसेली घर र बसपार्कको संचालन पद्दती सम्बन्धमा ।
प्रस्ताव नं. ७ : म.वि.नि. राधा कार्कीको थप सेवा सुविधा सम्बन्धमा ।
प्रस्ताव नं. ८: प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौट सम्बन्धमा ।
प्रस्ताव नं. ९: नयाँ सडक ट्रयाक निर्माणको लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १०: मेलमिलापकर्ता सूचिकृत सम्बन्धमा ।
प्रस्ताव नं. ११ : स्फटिकेश्वर मन्दिरमा हुने मेलाको लागि सहयोग माग सम्बन्धमा ।
प्रस्ताव नं. १२ : चिकित्सा शिक्षा स्नातकोत्तरअध्ययनको लागि पूर्व स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १३ : सि.अ.न.मी. बिनिता थापाको अध्ययन विदा स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १४ : सि.अ.न.मी. पारु लामाको अध्ययन विदा स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १५ : कबाडी सामान संकलनको लागि अनुमति प्रदान सम्बन्धमा ।
प्रस्ताव नं. १६ : उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १७ : नगर सहकारी समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं. १८ : उपभोक्ता समितिको सम्झौताको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं. १९ : भवन मापदण्ड संशोधन तथा भवन अभिलेखिकरण म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं. २० : योजना संशोधन सम्बन्धमा ।
प्रस्ताव नं. २१ : लक्षित वर्गका कार्यक्रम संचालनका लागि साझेदारी सम्बन्धमा ।
प्रस्ताव नं. २२ : स्वागत गेट निर्माण सम्बन्धमा ।
प्रस्ताव नं. २३ : स्वास्थ्य चौकी भवन निर्माणका लागि बहुवर्षिय ठेक्का सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८०/०७/२३ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका वैठकमा छलफल तथा समीक्षा गरियो।

निर्णय नं. २ : मेलम्ची नगरपालिकाको आ.व. २०७९/०८० को महालेखा परिक्षकको कार्यालयबाट गरिएको अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यस कार्यपालिका वैठकमा पेश भई छलफल गर्नुको साथै प्रतिवेदनमा उल्लेख भएका बेरुजुहरुको सम्बन्धमा सम्पूर्ण कार्यपालिका सदस्यहरुलाई जानकारी गराइयो।

निर्णय नं. ३ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८०/०८१ को प्रथम चौमासिक (श्रावण–कार्तिक) मा सम्पादन भएका शाखागत कार्यहरुको प्रगति प्रतिवेदन कार्यपालिका वैठकमा पेश भई छलफल तथा समीक्षा गरियो।

निर्णय नं. ४ : नेपाल भारत विकास साझेदारी कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने गरी मेलम्ची नगरपालिका भित्रका देहाय बमोजिमका योजनाहरुमा बजेट व्यवस्थाको लागि भारतीय राजदुतावासमा सिफारिस गर्ने निर्णय गरियो।

### तपसिल

(क) पर्यटन प्रवर्द्धन र नमूना विद्यालय तर्फ :

१. गुफाडाँडा बहुआयामिक पार्क निर्माण, मेलम्ची न.पा. ९

२.गोल्मेश्वरी धाम निर्माण, मेलम्ची न.पा. ७

३. तपचुली, भोटेचौर एकिकृत पर्यटकीय पूर्वाधार निर्माण, मेलम्ची न.पा. १ र २

४. धौले धुसेनी पर्यटन पूर्वाधार निर्माण, मेलम्ची न.पा. ४, ५ , ६ र ११

५. सिन्धु म्याली नमूना विद्यालय, मेलम्ची न.पा. १

६. मेलम्ची भ्याली नमूना विद्यालय, मेलम्ची न.पा. ११

(ख) नदी नियन्त्रण :

१.मेलम्ची ईन्द्रावती नदी नियन्त्रण, मेलम्ची

२. मेलम्ची पुरानो बजार नदी नियन्त्रण, मेलम्ची न.पा. ११

३. सहरे खोला ईन्द्रावती नदी नियन्त्रण, मेलम्ची न.पा. १०

४. ढकालखहरे ईन्द्रावती सिन्धुखोला नदी नियन्त्रण, मेनपा १२

निर्णय नं. ५ : २५/७५ श्रम साझेदारी कार्यक्रम अन्तर्गत सिंचाई योजना निर्माण तथा मर्मतका लागि सम्बन्धित वडाबाट सिफारिस भई आएका तपसिल बमोजिमका योजनाहरुको अवस्था, स्थानीय जनताहरुको आवश्कयता, योजनाबाट हुने सिंचित क्षेत्रफल आदिका आधारमा अनुसूची–१ मा उल्लिखित योजनाहरुको अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित वडाको समन्वयमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

CamScanner

निर्णय नं. ६ : मेलम्ची नगरपालिकाबाट निर्माण गरिएको मेलम्ची नगरपालिका वडा नं. ११ स्थित कोशेली घर र अस्थायी बसपार्कलाई नियमित रुपमा संचालन गर्नको लागि आवश्यक मापदण्ड निर्माण गरी बोलपत्र प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ७ : मेलम्ची नगरपालिकामा महिला विकास निरिक्षक पदमा कार्यरत राधा कार्की लामो समय देखि क्यान्सर रोगबाट पीडित भई हाल कार्यालयमा उपस्थित भई कार्य गर्न नसक्ने भएको र निजको उपचारको लागि नियमानुसार थप उपचार खर्च उपलब्ध गराउने तथा बागमती प्रदेश स्थानीय सेवा गठन तथा संचालन ऐन, २०७९ मा व्यवस्था भए बमोजिम पाउने सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित योजनाहरु कार्यान्वयनको लागि बजेट अभाव भएको हुँदा आ.व. २०८०/०८१ को विविध सार्वजनिक निर्माण शिर्षकमा विनियोजन भएको बजेटबाट रकमान्तर हुने गरी रु. २५,००,०००।– (पच्चिस लाख रुपैयाँ मात्र) बजेट विनियोजन गर्ने र उक्त कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने गरी सम्बन्धित वडाबाट सिफारिस भई आएका देहाय बमोजिमका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | ठुलोपाटा सिंढी निर्माण तथा ग्रामीण सडक सरसफाई कार्यक्रम | मेनपा १ | |
| २ | बसाहचौर पत्थर पार्क निर्माण | मेनपा २ | |
| ३ | चिसापानी बोव्राङ बाटो निर्माण | मेनपा ३ | |
| ४ | सिमलको बोट वडा कार्यालय सिंढी निर्माण | मेनपा ४ | |
| ५ | हेल्थपोष्ट देखि महादेवस्थान गोरेटो बाटो तथा सिंढी निर्माण | मेनपा ५ | |
| ६ | नुहारबाट ठुलोखेत, बस्नेतडाँडा, सिग्देलगाउँ हुँदै तल्लोगाउँसम्म गोरेटो बाटो निर्माण | मेनपा ६ | |
| ७ | कोइरालास्वाँरा बारचेत सुचना केन्द्र गोरेटो बाटो सिंढी निर्माण | मेनपा ७ | |
| ८ | बंगारे कलचौर गोरेटो बाटो निर्माण | मेनपा ८ | |
| ९ | काफलचौर बरको बोट चौतारी निर्माण | मेनपा ९ | |
| १० | कोटाचौर कोइरालागाउँ मुल गोरेटो बाटो सिंढी निर्माण | मेनपा १० | |
| ११ | डुँडेबस्ती घाट जाने बाटो सिंढी निर्माण | मेनपा ११ | |
| १२ | माझीगाउँ हुँदै देउरालीसम्मको सिंढी बाटो निर्मण | मेनपा १२ | |
| १३ | दनुवारबस्ती सडक सोलिङ तथा कालिकाचेतना डाँडाटोल सिंढी निर्माण | मेनपा १३ | |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

CamScanner

निर्णय नं. ९ : मेलम्ची नगरपालिका भित्रका देहाय बमोजिमका सडकहरुको नयाँ सडक ट्र्याक निर्माण गर्नको लागि प्राविधिक प्रतिवेदन सहित सिफारिस भई आएको हुँदा सिफारिस भई आएको प्राविधिक प्रतिवेदन बमोजिम नयाँ सडक ट्र्याक निर्माणको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | भैसेपानी खोरिया मोटर बाटो निर्माण | मेनपा १२ | |
| २ | बंगारे शहरे मोटर बाटो नयाँ ट्र्याक निर्माण | मेनपा ८ | |

निर्णय नं. १० : मेलम्ची नगरपालिका वडा नं. ३ बाट देहाय बमोजिमका वडा मेलमिलापकर्ताहरु सुचिकृतका लागि सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम सुचिकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | किर्ति तामाङ | मेनपा ३ | |
| २ | निर्मायाँ लुङ्बा | मेनपा ३ | |
| ३ | सर्मिला तामाङ | मेनपा ३ | |

निर्णय नं. ११ : मेलम्ची नगरपालिका वडा नं. १३ स्थित श्री स्फटिकेश्वर कान्ति तीर्थ विकास समितबाट स्फटिकेश्वर मन्दिर फटकशिलामा प्रत्येक वर्ष मार्ग कृष्ण त्रयोदशीका दिन दिवंगत पितृहरुको सम्झनामा बत्ती बाल्ने र मेला लाग्ने भएको हुँदा उक्त कार्यक्रममा आउने भक्तजनहरुको व्यवस्थापनको लागि बजेट माग भएको हुँदा चालु तर्फको विविध शिर्षकबाट खर्च हुने गरी रु. २५,०००।– (पच्चिस हजार रुपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२ : मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची नगर अस्पताल (प्राथमिक स्वास्थ्य केन्द्र) मा वरिष्ठ ल्याब असिष्टेन्ट, सहायक पाँचौं (क.स.नं. २३०८२९) तहमा कार्यरत जय प्रकाश प्रसाद शाहले चिकित्सा शिक्षा आयोगको स्नातकोत्तर तहको MSc Clinical/Medical Micribiology विषय अध्ययनका लागि पूर्व स्वीकृति माग गर्नु भएको हुँदा निजलाई चिकित्सा शिक्षा आयोगको स्नातकोत्तर तहको MSc Clinical/Medical Micribiology विषय अध्ययनका लागि पूर्व स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : मेलम्ची नगरपालिका अन्तर्गत सिन्धुकोट स्वास्थ्य चौकीमा स्वास्थ्य सेवा प.हे.न.समूह, सि.अ.न.मी. (पाँचौं) पदमा कार्यरत (क.स.नं. २२६५३८) बिनिता थापाले चिकित्सा शिक्षा आयोगको BNS/BMS कार्यक्रम अन्तर्गत Midwifery Science विषय अध्ययनका लागि पूर्ण छात्रवृत्ति प्राप्त गर्नु भई Patan Academy of Health Science मा सिफारिस हुन भएको र उक्त विषय अध्ययनका लागि निजले ३ (तीन) वर्षको अध्ययन विदा माग गर्नु भएको हुँदा निजलाई निजको अध्ययन सम्पन्न पश्चात कम्तिमा तीन वर्षसम्म मेलम्ची नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्य गर्ने गरी नेपाल स्वास्थ्य सेवा ऐन, २०५३

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

CamScanner

तथा बागमती प्रदेश स्थानीय सेवा गठन तथा संचालन ऐन, २०७९ मा भएको व्यवस्था बमोजिम अध्ययन विदा प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १४ : मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रमा प.हे.न.समूह, सि.अ.न.मी. (पाँचौं) पदमा कार्यरत (क.स.नं. २२२१५३) पारु लामाले चिकित्सा शिक्षा आयोगको BNS/BMS कार्यक्रम अन्तर्गत BNS विषय अध्ययनका लागि पूर्ण छात्रवृत्ति प्राप्त गर्नु भई Pokhara Nursing Campus मा सिफारिस हुन भएको र उक्त विषय अध्ययनका लागि निजले ३ (तीन) वर्षको अध्ययन विदा माग गर्नु भएको हुँदा निजलाई निजको अध्ययन सम्पन्न पश्चात कम्तिमा तीन वर्षसम्म मेलम्ची नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्य गर्ने गरी नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा बागमती प्रदेश स्थानीय सेवा गठन तथा संचालन ऐन, २०७९ मा भएको व्यवस्था बमोजिम अध्ययन विदा प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १५ : मेलम्ची नगरपालिका वडा नं. १० स्थायी निवासी नारायण कृष्ण माझीले ईन्द्रावती कबाडी संकलन केन्द्र मार्फत मेलम्ची नगरपालिका वडा नं. ११ को धिताल बेसी स्थित सिम्ला बगर क्षेत्रमा नगरपालिकाले अस्थायी रुपमा फोहोरमैला बिसर्जन गरेको स्थानबाट फोहोरमैलामा आएका कबाडी सामग्रीहरु संकलन गरी बिक्री तथा निकासीका लागि अनुमति माग गर्नु भएकोमा हाल मेलम्ची नगरपालिकाले मेलम्ची नदीमा आएको बाढी पश्चात स्थायी फोहोरमैला व्यवस्थापन केन्द्रको निर्माण गर्न नसकी मेलम्ची बजारबाट संकलन भएको फोहोर धिताल बेसीं स्थित सिम्ला बगर क्षेत्रमा अस्थायी रुपमा व्यवस्थापन गर्दै आइरहेकोमा यसरी अस्थायी रुपमा व्यवस्थापन गर्दा फोहोरमैलाको कारण वातावरणमा समेत प्रतिकूल प्रभाव पर्न सक्ने र उक्त फोहरबाट निस्केका कबाडी सामानको बिक्री गर्दा नगरपालिकाको आन्तरिक राजस्वमा समेत वृद्धि हुने हुँदा मेलम्ची नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको राजस्व तिर्ने गरी धितालबेसी स्थित सिम्ला बगर क्षेत्रबाट मात्र निजलाई कवाडी सामग्री संकलन तथा बिक्री निकासीको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १६ : मेलम्ची नगरपालिका वडा नं. ९ स्थित गोल्मा राजारानी मन्दिर निर्माण गर्नको लागि चालु आ.व. २०८०/०८१ को नगर सभाबाट रु. ५०,००,०००।– (अक्षरुपी पचास लाख रुपैयाँ मात्र) बजेट विनियोजन भएकोमा उक्त मन्दिर निर्माण गर्ने कार्य सम्बन्धित उपभोक्ता समितिबाट गराउँदा स्थानीय समुदायको अपनत्व र श्रमदान समेत जुट्न सक्ने भएकोले उक्त योजना उपभोक्ता सिमिति मार्फत कार्यान्वयन गर्ने गरी आवश्यक निर्णयका लागि सम्बन्धित वडाबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम सम्बन्धित उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गरी अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १७ : मेलम्ची नगरपालिकाको सहकारी ऐन, २०७५ को दोश्रो संशोधनको दफा ४.क. को उपदफा (१) को घ मा भएको व्यवस्था बमोजिम मेलम्ची नगरपालिका क्षेत्र भित्रका सहकारी संस्थाहरुको दर्ता, संचालन, नियमन र प्रवर्द्धनका लागि देहाय बमोजिमका कार्यपालिका सदस्यहरुलाई नगर सहकारी समितिमा मनोनित गर्ने निर्णय गरियो।

तपसिल

(क) वडा अध्यक्ष/का.पा. सदस्य श्री किरणदिप खड्का – सदस्य

(ख) का.पा. सदस्य श्री गोमा दुलाल – सदस्य

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

CamScanner

निर्णय नं. १८ : मेलम्ची नगरपालिकाबाट कार्यान्वयन गरिने योजनाहरुको योजना सम्झौता म्याद मिति २०८० कार्तिक मसान्तसम्म रहेकोमा वडा दशैं, दिपावली, छठ जस्ता विभिन्न चाडपर्वहरुको कारणले योजना सम्झौता हुन नसकेको हुँदा योजना सम्झौताको म्याद मिति २०८० पौष मसान्तसम्म थप गर्ने निर्णय गरियो।

निर्णय नं. १९ : मेलम्ची नगरपालिकाको भवन मापदण्डको संशोधन र भवन अभिलेखिकरण म्याद थपको लागि पेश भएको प्रस्तावका सम्बन्धमा विस्तृत अध्ययन सहित आगामी कार्यपालिका वैठकमा पेश गर्न सम्बन्धित समितिलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. २० : मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न वडाहरु आ.व. २०८०/८१ मा विनियोजन भएको योजना संशोधनका लागि अनुरोध भई आएकोमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | साविक योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | तालामाराङ कोलेचौर वडा कार्यालय मोटर बाटो स्तरोन्नती, मेनपा ६ | २०,००,०००।– | घट्टेपाखा मोटरबाटो मोड, मेनपा ६ | १०,००,०००।– |
| | | | तालामाराङ कोलेचौर मोटर बाटो, ६ | १०,००,०००।– |
| २ | नगदे बाली उत्पादन प्रोत्साहन कार्यक्रम, मेनपा २ | ५,००,०००।– | बसाहाचौर पत्थरपार्क निर्माण (प्रधानमन्त्री रोजगार कार्यक्रम), मेनपा २ | ४,००,०००।– |
| | | | सडक सरसफाई, मेनपा २ | १,००,०००।– |
| ३ | झाँक्री मूर्ती, मेनपा १ | ७,००,०००।– | झाँक्री मूर्ति निर्माण स्थल मैदान निर्माण , मेनपा १ | ७,००,०००।– |

निर्णय नं. २१ : मेलम्ची नगरपालिका भित्र कार्यान्वयन हुने वितरणमुखी एवं लक्षित वर्गसंग सम्बन्धित कार्यक्रमहरु संचालन गर्दा स्थानीय समुदाय तथा सम्प्रदायको समेत सहभागिता र अपनत्व हुने गरी अनिवार्य रुपमा कम्तिमा १० प्रतिशत लागत साझेदारीको सूनिश्चितता सहित कार्यक्रम संचालन तथा कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. २२ : नेपाल सरकारका पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष खड्क प्रसाद शर्मा ओली नेपालको झुलाघाट देखि चिवाभञ्ज्याङ्गसम्मको समृद्धिको लागि सङ्कल्प यात्राका क्रममा मिति २०८० साल मंसिर २४ गते यस मेलम्ची नगरपालिकाको बाहुनेपाटीमा आउने कार्यक्रम रहेको हुँदा उक्त अवसरमा मेलम्ची नगरपालिकाको तर्फबाट नगरपालिकाको नाम उल्लेख गरी स्वागत गेट निर्माण गर्ने र सो कार्यक्रमको नेतृत्व उपप्रमुख उमा प्रधानले गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

CamScanner

निर्णय नं. २३ : मेलम्ची नगरपालिका वडा नं. ३ स्थित प्राथमिक स्वास्थ्य चौकी भवन निर्माणका लागि आ.व. २०८०/०८१ मा रु. १,३०,००,०००।– (अक्षरुपी एक करोड तीस लाख रुपैयाँ मात्र) बजेट विनियोजन भएको हुँदा बहुवर्षिय योजनाको रुपमा कार्यान्वयन गर्ने स्वास्थ्य चौकी निर्माणको लागि बोलपत्र प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

CamScanner

अनुसूची–१

२५/७५ श्रम साझेदारी कार्यक्रम अन्तर्गत बजेट मागका लागि पेश भएका योजनाहरु

| क्र.सं. | योजनाको नाम | वडा नं. | निवेदक |
|---|---|---|---|
| १ | महादेउ बुडी तल्लो सिंचाई कुलो | मेनपा १ | रामेश्वर चौलागाईं |
| २ | जर्केखोला शिव मन्दिर रोक्का टोल सिंचाई कुलो | मेनपा १ | रोक्काटोल शिवमन्दिर टोल विकास संस्था |
| ३ | बोक्सेखोला भुजुङ्गे सिंचाई कुलो | मेनपा १ | दिप बहादुर अधिकारी लगायत |
| ४ | गैरो अम्बोटे सिंचाई कुलो | मेनपा १ | शालिकराम चौलागाईं |
| ५ | पँधेरो खोला च्याने सिंचाई कुलो मर्मत | मेनपा २ | हर्क बहादुर तामाङ |
| ६ | लामासोती खगले सिंचाई कुलो मर्मत | मेनपा २ | राम प्रसाद खतिवडा |
| ७ | सुँयलछाप बस्तीको महादेव खोला घट्टेरुम्टो गैरी अर्चले कुलो मर्मत | मेनपा २ | शिव प्रसाद सापकोटा |
| ८ | काठेखोला डिही अर्चले सिंचाई कुलो मर्मत | मेनपा २ | बिष्णु प्रसाद बञ्जारा |
| ९ | काठखोला रातोमाटे ठुलोखेत सिंचाई कुलो मर्मत | मेनपा २ | भगिरथ खतिवडा |
| १० | ठाडोखोला भिरखेत सिंचाई र ठाडोखोला गैरी डाँडाखेत सिंचाई | मेनपा २ | छबिलाल दुलाल |
| ११ | बिम्रेनी सिंचाई कुलो | मेनपा ३ | ३ नं. वडा कार्यालयको सिफारिस |
| १२ | हंगेलफाँट सिंचाई कुलो | मेनपा ३ | ३ नं. वडा कार्यालयको सिफारिस |
| १३ | डाँडाथोक सिंचाई कुलो | मेनपा ३ | ३ नं. वडा कार्यालयको सिफारिस |
| १४ | गड्याखोला भिरखेत अमरे सेउँटारी चनौटे खहरे खेत सिंचाई | मेनपा ४ | सुदर्शन सिंङखडा |
| १५ | सिन्धुखोला सिम्ले सिंचाई कुलो मर्मत | मेनपा ५ | शम्भु प्रसाद चौलागाईं |
| १६ | सिमबोट खेत सिंचाई | मेनपा ६ | प्रमोद तामाङ |
| १७ | दौउचे भोटवेशी ठुलोखेत सिंचाई कुलो | मेनपा ६ | रमेश तामाङ |
| १८ | भट्टारखोला नौबिसे ठाँटी सिंचाई कुलो | मेनपा ६ | मंगलमान श्रेष्ठ |
| १९ | सालेखेत सिंचाई कुलो | मेनपा ८ | सोमर तामाङ |
| २० | हेल्भेटास मार्फत निर्माण गरिएको कुलो मर्मत | मेनपा ८ | प्रमोद गिरी |
| २१ | झण्डुखेत सिंचाई | मेनपा ८ | तारानाथ गिरी |

CamScanner

| क्र.सं. | योजनाको नाम | वडा नं. | निवेदक |
|---|---|---|---|
| ५१ | ठुलो सिमखोला पैरा फाँट सिंचाई कुलो | मेनपा १० | प्रेम बहादुर चापागाईं |
| ५२ | खहरे खेत सिंचाई कुलो | मेनपा १० | गोविन्द बस्नेत |
| ५३ | सिरान खहरे सिंचाई कुलो | मेनपा १० | टिका प्रसाद नेपाल |
| ५४ | मिर्गे ढाँड फाँट सिंचाई कुलो | मेनपा १० | अरुणध्वज कार्की |
| ५५ | सोतेखोला मुहान हुँदै घुमाउनेटार सिंचाई | मेनपा ११ | दिल बहादुर तामाङ |
| ५६ | अर्चले खोला बिल्याफोटो बाँझरुम्टो सिंचाई कुलो | मेनपा ११ | शम्भु प्रसाद चौलागाई |
| ५७ | माथिल्लो डुँडेफाँट सिंचाई | मेनपा ११ | शिवराम भट्टराई |
| ५८ | मस्यारखोला धुसेनी बेसी सिंचाई कुलो | मेनपा ११ | वडा कार्यालयको सिफारिस |
| ५९ | घट्टे खोला सुन्दरेपाटा कान्ले सिंचाई कुलो | मेनपा ११ | वडा कार्यालयको सिफारिस |
| ६० | जागेश्वरी सिंचाई कुलो | मेनपा ११ | वडा कार्यालयको सिफारिस |
| ६१ | बडहरे खोला टार सिंचाई कुलो | मेनपा ११ | वडा कार्यालयको सिफारिस |
| ६२ | एकले बेसी सिंचाई कुलो मर्मत | मेनपा १२ | वडा कार्यालयको सिफारिस |
| ६३ | खहरे खोला माइटर सिंचाई कुलो मर्मत | मेनपा १२ | वडा कार्यालयको सिफारिस |
| ६४ | गिराञ्चौर माझीखेत सिंचाई कुलो मर्मत | मेनपा १२ | वडा कार्यालयको सिफारिस |
| ६५ | ठुलोखोला मुहान भई साठी मुरे फाँट सिंचाई | मेनपा १३ | राजन बहादुर डोटेल |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

CamScanner